# प्रदेश राजपत्र

**प्रदेश नं. ३, प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड १) हेटौंडा, मकवानपुर, वैशाख १२ गते, २०७५ साल (संख्या १**

## भाग ३

### प्रदेश सरकार

प्रदेश नं ३, हेटौडा

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सरकारबाट निर्णय भई प्रमाणीकरण भएका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको "प्रदेश सरकार, प्रदेश नं ३ बाट प्रकाशित हुने राजपत्रको ढाँचा" प्रदेश सरकारको मिति २०७४।११।१६ को निर्णयबाट स्वीकृत भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ३ नं. प्रदेश सरकार राजपत्रको नमुना ढाँचा

(१) प्रदेश सरकारको राजपत्र आवश्यक्तानुसार नियमित तथा अतिरिक्ताङ्कको रुपमा प्रकाशन गर्ने ।

(२) प्रदेश राजपत्रको देहायको भागमा देहायका विषयहरु प्रकाशन गर्ने ।

भाग १ - यो भागमा प्रदेश व्यवस्थापिकाबाट पारित भई प्रदेश प्रमुखबाट लालमोहर लागेका ऐन तथा अध्यादेशहरु प्रकाशन हुने ।

भाग २ - यो भागमा प्रदेश मन्त्रिपरिषदबाट पारित नियमावली तथा प्रदेश सरकारले जारी गरेका आदेश वा अधिकार पत्रहरु प्रकाशन हुने ।

भाग ३ - यो भागमा प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषदको निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना प्रकाशन हुने ।

(३) राजपत्रको माथिल्लो भागमा निसाना छाप, सोको मुनि प्रदेश राजपत्र, सोको मुनि ३ नं. प्रदेश सरकारद्वारा प्रकाशित र सोको मुनिको लहरमा खण्ड... हेटौंडा मकवानपुर, महिना... गते... साल... नियमित/अतिरिक्ताङ्क र सोको मुनि भाग रहने छ ।

(४) प्रदेश राजपत्रको ढाँचा देहाय बमोजिम हुनेछ ।

# प्रदेश राजपत्र

प्रदेश नं. ३, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड...) हेटौंडा, मकवानपुर, महिना... गते, ....साल (संख्या ....

## भाग ...

## ३ नं. प्रदेश सरकार,

.......................

प्रमाणीकरण मिति :

आज्ञाले,

नामः

पदः

**आज्ञाले,**

**बलदेव प्रसाद जोशी**

**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।–
गो.ह.द.नं. १६।२०६२।६३